October 5, 2023

National News

प्रमुख समाचारः-

1. सिक्किमको विद्यमान स्थितिको आकलन गर्न आज मुख्यमन्त्रीको अध्यक्षतामा उच्चस्तरीय बैठक सम्पन्न

2. प्रधानमन्त्रीद्वारा आज राजस्थान र मध्यप्रदेशमा विभिन्न विकास परियोजनाको शिलान्यास र उद्घाटन

3. आवास तथा शहरी मामिला मन्त्रीले शहरी स्थानीय निकायहरूको राष्ट्रिय कार्यशालालाई गर्नुभयो सम्बोधन

4. उद्योगले भावी स्टार्टअप उद्यम र नयाँ प्रविधि पहलमा ठूलो योगदान पुऱ्याउन सक्ने विज्ञान तथा प्रविधि मन्त्रीको भनाइ

5. जारी एसियाली खेलकुदमा भारत कुल 86 पदकसहित पदक तालिकामा चौथो स्थान ओगट्न सफल

## Sikkim-Disaster Update

सिक्किमका मुख्यमन्त्री श्री प्रेमसिंह तामाङको अध्यक्षतामा आज राज्यको विद्यमान अवस्थाको आकलन गर्न उच्चस्तरीय बैठक बस्यो, जसमा मुख्य सचिव श्री वीबी पाठकले राहत र पुनर्वासनाका लागि सेना र सम्बन्धित निकायको सहयोगमा राज्य सरकारले चालेको कदमबारे जानकारी गराउनुभयो। बैठकमा मुख्यमन्त्रीले विभिन्न क्षेत्रका विशेषज्ञहरू सम्मिलित उच्चस्तरीय समिति गठन गर्न निर्देशन दिनुभयो। यो समितिले घटनाको विस्तृत अध्ययन गरी भविष्यका लागि ठोस योजना तयार पार्नेछ। मुख्यमन्त्रीले अत्यावश्यक वस्तुको भण्डारण गर्नेलाई कडा कारबाही गर्ने चेतावनी दिनुभएको छ। उहाँले रम्फू, सिङ्ताम र मङ्गनमा गुनासो दर्ता गर्न केन्द्र स्थापना गरिने बताउनुभयो र अत्यावश्यक वस्तु बोक्ने सवारी साधनलाई निर्बाध आवतजावत गराउन जिल्ला समिति गठन गरिने जानकारी दिनुभयो। श्री तामाङले मङ्गन, गान्तोक, पाकिम र नाम्ची जिल्लाका सबै सरकारी तथा निजी कलेजहरू भोलिदेखि अर्को आदेश नभएसम्म बन्द रहने अनि पाकिम, सिङ्ताम र डिक्चुमा बिजुली र खानेपानी तुरुन्तै सुचारु गरिने बताउनुभयो। उहाँले सही जानकारी दिन र अफवाह रोक्न हरेक साँझ मुख्य सचिवको कार्यालयबाट प्रेस बयान जारी गरिने बताउनुभयो। अहिलेको मौसमलाई मध्यनजर गर्दै विभागले राज्यका सबै सरकारी तथा निजी विद्यालय तथा कलेज अक्टोबर १५ सम्म बन्द रहने जनाएको छ।

यसबीच, प्रधानमन्त्री श्री नरेन्द्र मोदीले यस घडीमा सिक्किमलाई सम्भव भएसम्म सहयोग गर्ने आश्वासन दिनुभएको छ। उहाँले मुख्यमन्त्री श्री प्रेमसिंह तामाङसँग कुरा गरी स्थितिको जानकारी लिनुभयो र प्रकोप प्रभावित मानिसहरूको सुरक्षा र कल्याणको कामना गर्नुभयो। अहिले प्रकोप प्रभावित क्षेत्रमा बेपत्ता व्यक्तिहरूको खोजी र उद्धारकार्य जारी छ। त्रिशक्ति कोरका कर्मचारीहरूले उत्तर सिक्किमको चुङ्थाङ, लाचुङ र लाचेन क्षेत्रमा फसेका नागरिक र पर्यटकहरूलाई चिकित्सा सहायता र टेलिफोन सम्पर्क सुविधा उपलब्ध गराइरहेका छन्।

## PM:Jodpur

प्रधानमन्त्रीले श्री नरेन्द्र मोदीले आज राजस्थानको जोधपुरमा करिब ५० अर्ब लागतको विकास परियोजनाको शिलान्यास तथा उद्घाटन गर्नुभयो। यसमा सडक, रेल, उड्डयन, स्वास्थ्य सेवा र उच्च शिक्षा सम्बन्धी परियोजनाहरू समावेश छन्। यस अवसरमा उहाँले भन्नुभयो, केन्द्र सरकारले राजस्थानमा रेल र सडक पूर्वाधारको विकासका लागि काम गरिरहेको छ र हरेक क्षेत्रमा द्रुत विकासप्रति ध्यान केन्द्रित गरेको छ। प्रधानमन्त्रीले रेलवे विकासका लागि राजस्थानलाई करिब ९५ अर्ब रुपियाँ विनियोजन गरिएको जानकारी दिनुभयो। साथै, प्रधानमन्त्रीले आजै मध्यप्रदेशको जबलपुरमा 12 हजार 600 करोड रुपियाँभन्दा बढीको विभिन्न विकास परियोजनाहरूको शिलान्यास र उद्घाटन गर्नुका साथै वीरांगना रानी दुर्गावती स्मारकको भूमिपूजन पनि गर्नुभयो र रानी दुर्गावतीको सम्झनामा हुलाक टिकट पनि जारी गर्नुभयो।

## Puri-Capacity Building:

आवास तथा शहरी मामिला मन्त्री श्री हरदीप सिंह पुरीले आज नयाँ दिल्लीमा शहरी स्थानीय निकायहरूको क्षमता निर्माणसम्बन्धी राष्ट्रिय कार्यशालालाई सम्बोधन गर्दै, क्षमता निर्माण कार्यबलका लागि निकै महत्त्वपूर्ण भएकाले सरकारले यसलाई विशेष जोड दिएको बताउनुभयो। उहाँले भन्नुभयो, 2004 देखि 2014 सम्म शहरी क्षेत्रमा सबै योजनाको खर्च 1 लाख 78 हजार करोडभन्दा बढी थियो, तर पछिल्ला नौ वर्षमा यो रासि 18 लाख करोडभन्दा बढी भएको छ। श्री पुरीले स्वच्छ भारत मिशनले ठूलो परिवर्तन ल्याएको बताउनुभयो।

JITENDRA- QUANTUM CONCLAVE

केन्द्रीय विज्ञान तथा प्रविधि राज्यमन्त्री डा. जितेन्द्र सिंहले आज नयाँ दिल्लीमा आयोजित तेस्रो इन्डिया क्वान्टम टेक्नोलोजी कन्क्लेभ २०२३ लाई सम्बोधन गर्दै, उद्योगले भावी सबै स्टार्टअप उद्यम र अन्य नयाँ प्रविधि पहलहरूमा ठूलो योगदान पुऱ्याउने अपेक्षा गरिएको बताउनुभयो। उहाँले भन्नुभयो, सुरुदेखि नै सबै उद्योग समान सरोकारवाला बन्नुपर्छ र यसका लागि उद्योगले हर कुरामा सरकारको मुख ताक्ने विगतको मानसिकता बदल्नुपर्छ। उहाँले वैश्विक चुनौतीका लागि वैश्विक दृष्टिकोण, वैश्विक रणनीति र वैश्विक मापदण्ड चाहिने बताउँदै, जोखिम व्यवस्थापनमा उद्योगहरू अघि सर्नुपर्ने कुरामा जोड दिनुभयो।

Anurag Singh: Chttisgadh

केन्द्रीय सूचना, प्रसारण तथा युवा मामिला एवं खेलकुद मन्त्री श्री अनुराग सिंह ठाकुरले आज छत्तीसगढको रायपुरमा नेहरू युवा केन्द्र संगठनद्वारा आयोजित दुईदिने राज्यस्तरीय युवा महोत्सवको उद्घाटन गर्नुभयो। यो महोत्सव दुई दिनसम्म चल्नेछ। महोत्सवमा छत्तीसगढका २८ जिल्लाका करिब ५ सय युवाको सहभागिता रहेको छ। महोत्सवमा चित्रकला, कविता, मोबाइल फोटोग्राफी, वक्तृत्वकला र सामूहिक नृत्य प्रतियोगिता हुनेछ। यो राज्य स्तरीय प्रतियोगिताका विजेताहरूले राष्ट्रिय युवा महोत्सवमा सहभागी हुने अवसर पाउनेछन्। श्री अनुराग ठाकुरले आजै रायपुरमा मिडिया एप्सको पनि सुरुवात गर्नुभयो।

CBI-CBFC

केन्द्रीय अन्वेषण ब्युरो, सी.बी.आई-ले मुम्बईमा लोक सेवकहरू लगायत तीन जनाविरुद्ध मुद्दा दर्ता गरेको छ। सी.बी.आई-का अनुसार यी तीनमध्ये एकले हिन्दीमा डब गरिएको चलचित्रको सेन्सर प्रमाणपत्र जारी गर्नका लागि सात लाख रुपियाँ घुस लिन अरूसँग षड्यन्त्र रचेका थिए। यो प्रमाणपत्र गत महिना  केन्द्रीय चलचित्र प्रमाणन बोर्डले जारी गरेको बताइएको छ। एक विज्ञप्तिमा, सी.बी.आई-ले मुम्बई लगायत चार भिन्न-भिन्न स्थानमा आरोपी र उनीहरूसँग सम्बन्धित अन्यको परिसरमा खोजी गरिएको जसमा आपत्तिजनक दस्तावेज बरामद गरिएको बताएको छ।

## West Bengal: Enforcement Directorate

प्रवर्तन निर्देशनालयले आज पश्चिम बंगालमा खाद्य तथा आपूर्ति मन्त्री श्री रथिन घोषको निवास लगायत राज्यका धेरै स्थानमा छापा मारेको छ। राज्यको सहरी निकायमा भर्तीको क्रममा भएको कथित अनियमितताको जाँचको सिलसिलामा यो कारबाही गरिएको हो। मध्यग्रामका तृणमूल कांग्रेस विधायक श्री रथिन घोष पहिले मध्यग्राम नगर निगममा हुनुहुन्थ्यो। प्रवर्तन निर्देशनालयले 2014 देखिर 2018 बीच विभिन्न शहरी निकायहरूमा लगभग 15 सय जनालाई अवैध रूपमा भर्ती गरेको आरोपमा अनुसन्धान गरिरहेको छ।

## Literature Nobel Prize

यो वर्षका नोबेल साहित्य पुरस्कार नर्वेली लेखक जान फासेलाई प्रदान गरिनेछ। स्वीडेन अकादमीले उनलाई यो पुरस्कार आफ्ना अभिनव नाटकहरू र गद्यका लागि प्रदान गरिने बताएको छ। फासे विश्वका सबैभन्दा बढी लोकप्रिय नाटककारहरूमध्ये एक हुन् र उनले गद्य विधामा पनि राम्रो पहिचान बनाएका छन्। फासेको रचनाको मुख्य विषय मानवीय स्थिति हुने गर्छ। नोबेल पुरस्कार समितिले बताएअनुसार, जान फासले सामान्यतया दैनिक जीवनमा देख्न सकिने स्थितिलाई प्रस्तुत गर्ने गर्छ। फासे अब पूर्व विजेताहरूको महत्त्वपूर्ण सूचीमा समावेश भएका छन्, जसमा टोनी मरिसनदेखि लिएर अर्नेस्ट हेमिंग्वेका नाम छन्।

## Dolphin Day:-

आज राष्ट्रिय डल्फिन दिवस हो। राष्ट्रिय जलचर गंगा डल्फिनको संरक्षणका लागि जनचेतना फैलाउन हरेक वर्ष अक्टोबर ५ को दिन राष्ट्रिय डल्फिन दिवस मनाइन्छ। यो डल्फिन नेपाल, भारत र बंगलादेशको गंगा, ब्रह्मपुत्र, मेघना र कर्णफुली-साङ्गु नदीमा पाइन्छ। वन्यजन्तु विशेषज्ञ, पशुप्रेमी र वातावरणविदहरूको मागपछि राष्ट्रिय वन्यजन्तु बोर्डले २०२२ देखि राष्ट्रिय डल्फिन दिवस मनाउन थालेको हो।

## Asian Games-India's Status

चीनको हाङ्झाउमा जारी एसियाली खेलकुदमा भारतले अहिलेसम्म २१ स्वर्ण, ३२ रजत र ३३ कास्यसहित कुल ८६ पदक जितेर इतिहास रचेको छ। भारत अहिले पदक तालिकामा चौथो स्थानमा छ। जकार्तामा सम्पन्न १८ औँ संस्करणको एसियाली खेलकुदमा प्राप्त उत्कृष्ट ७० पदकलाई उछिन्दै भारतको एसियाली खेलकुदमा यो अहिलेसम्मकै उत्कृष्ट प्रदर्शन बनेको छ।